# धनगढीमाई नगरपालिका
# Dhangadhimai Municipality
# नगर कार्यपालिकाको कार्यालय
# Office of The Municipal Executive

धनगढी, सिरहा, मधेश प्रदेश, नेपाल
Dhangadhi, Siraha, Madesh Province, Nepal
शिक्षा, युवा तथा खेलकुद शाखा

www.dhangadhimaimun.gov.np
dhangadhimaimun@gmail.com
edu.dhangadhimaimun@gmail.com
033-545238


प.सं. (Letter No):-२०७९/०८०
च.नं.(Ref No):- ८९६

मितिः-२०७९/०७/२२

विषयः- दिवा खाजा सञ्चालन गर्ने सम्बन्धमा ।

श्री सबै सामुदायिक विद्यालयहरु,
धनगढीमाई नगरपालिका, सिरहा ।

प्रस्तुत विषयमा यस धनगढीमाई नगरपालिकाको आ.व.२०७९/०८० मा सशर्त अनुदानको स्वीकृत दिवा खाजा कार्यक्रम अन्तर्गत प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ६ (०-६) सम्म अध्यनरत बालबालिकाहरुका लागि दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने प्रावधान अनुसार नगर शिक्षा समितिको मिति २०७९/०७/२० गतेको बैठको निर्णय अनुसार विद्यालय दिवा खाजा कार्यक्रम बालविकास देखि कक्षा ६ सम्म मिति २०७९/०८/०५ गते देखि दिवा खाजा सञ्चालन गरी सोको जानकारी तपसिल बमोजिमको कागजातहरु सहित मिति २०७९/०८/१० गते भित्र यस नगरपालिकाको कार्यालयमा जानकारी गराउनु हुन अनुरोध छ ।

तपसिलः

१. दिवा खाजा सञ्चालन गर्ने वि.व्य.स.को निर्णयको प्रमाणित प्रतिलिपि ।
२. वि.व्य.स.आमा समूह गठन गरेको निर्णयको प्रमाणित प्रतिलिपि ।
३. आमा समूहको दिवा खाजा सञ्चालन सम्बन्धि बैठकको निर्णयको प्रमाणित प्रतिलिपि ।
४. विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ बमोजिम सप्ताहिक खाजा तालिका
५. कक्षा (०-६) सम्मको कक्षागत विद्यार्थीहरुको विवरण ।
६. विद्यालयमा कक्षागत रुपमा भर्ना भएर विद्यालयमा उपस्थित विद्यार्थीहरुको नामावली ।

नोटः तोकिएको म्याद **पश्चात** जानकारी गराउने विद्यालयलाई यस कार्यालयको अनुगमनको आधारमा मान्य हुनेछ ।

अवगतार्थः

श्री नगर प्रमुख ज्यू, धनगढीमाई नगरपालिका, सिरहा ।
श्री नगर उप प्रमुख ज्यू, धनगढीमाई नगरपालिका, सिरहा ।

प्रमुख प्रशासकीय अधिकृत

# धनगढीमाई नगरपालिका
**Dhangadhimai Municipality**
# नगर कार्यपालिकाको कार्यालय
**Office of The Municipal Executive**

धनगढी, सिरहा, मधेश प्रदेश, नेपाल
Dhangadhi, Siraha, Madesh Province, Nepal
शिक्षा, युवा तथा खेलकुद शाखा

www.dhangadhimaimun.gov.np
dhangadhimaimun@gmail.com
edu.dhangadhimaimun@gmail.com
033-545238


प.सं. (Letter No):-२०७९/०८०
च.नं.(Ref No):- ६२६

मितिः- २०७९/०७/२२

विषयः- लेखापरीक्षणको लागि निवेदन पेश गर्ने सम्बन्धमा ।

श्री सबै सरोकारवालाहरु,

यस कार्यालयको मिति २०७९/०५/०७ गतेको सूचना अनुसार यस नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुको आ.व.२०७८/०७९ को लेखापरीक्षणको लागि लेखापरीक्षण गर्ने संस्थाहरुलाई यस नगरपालिकामा सूचीकृत हुनको लागि सूचना प्रकाशन गरिएको र सूचीकृत वापत रु.१०००/- शुल्क लिइएकोमा उक्त मितिमा प्रकाशन भएको सूचनालाई सूचीकृतको सट्टा आवेदन दिनु हुन भनी र सूचीकृत दस्तुर वापतको शुल्कको सट्टा आवेदन दस्तुरको रुपमा सच्याइएको हुँदा यस अघि प्राप्त भएको निवेदनहरु (आवेदनहरु) लाई यथावत राखी नेपाल चार्टड एकाउन्टेन्ट्स संघ (आईक्यान) मा सूचीकृत भएका र निवेदन दिन छुट भएका लेखापरीक्षण गर्ने संस्थाहरुलाई तपसिल अनुसारको कागजातहरु सहित मिति २०७९/०७/३० गते भित्र यस नगरपालिकाको कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

१. नेपाली नागरिकताको प्रमाण-पत्र ।
२. नेपाल चार्टड एकाउन्टेन्ट्स संघ (आईक्यान) बाट लिएको नविकरण सहितको पेशागत प्रमाण-पत्र
३. आन्तरिक राजस्व कार्यालयमा कर दर्ताको प्रमाण-पत्र तथा आ.व.२०७८/०७९ को कर चुक्ताको प्रमाण-पत्र ।
४. स्थायी लेखा नम्बर (प्यान) दर्ताको प्रमाण-पत्र।
५. लेखा व्यवसायी फर्मको नविकरण गरिएको प्रमाण-पत्र ।
६. यस कार्यालयको राजस्व शाखामा रु.१०००/- बुझाएको भौचर ।

लेखापरीक्षणका शर्तहरुः

१. नगरपालिकाले तोकेको समय सिमा भित्र लेखापरीक्षण सम्पन्न गरी सम्बन्धित विद्यालय तथा नगरपालिकामा लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्ने छ ।
२. नगरपालिकाले तोकि दिएको भन्दा बढी रकम लेखापरीक्षकले लेखापरीक्षण शुल्क वापत विद्यालयबाट लिन पाउने छैन ।

प्रमुख प्रशासकीय अधिकृत